बैठक संख्या : १

आज मिति २०७९।०२।११ गते बिहान १०:३० बजे यस पुथा उत्तरगंगा गाउँकार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्ति ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिहरु :

श्री पुनीराज घर्ति - गाउँकार्यपालिका अध्यक्ष

श्री भुपेन्द्रा बुढा - गाउँकार्यपालिका उपाध्यक्ष

श्री विरमान कामी - १ नं वडा अध्यक्ष

श्री जस बहादुर श्रीपाली - २ नं वडा अध्यक्ष

श्री बम बहादुर बुढा - ३ नं वडा अध्यक्ष

श्री सुर बहादुर बि क –४ नं वडा अध्यक्ष

श्री टिकासाई घर्ति मगर -५ नं वडा अध्यक्ष

श्री शंखे सेन - ६ नं वडा अध्यक्ष

श्री चित्र बहादुर बुढो -७ नं वडा अध्यक्ष

श्री पुर्ण मल्ल शाही -८ नं वडा अध्यक्ष

श्री हर्क प्रसाद रोका -९ नं वडा अध्यक्ष

श्री भरत बुढा मगर -१० नं वडा अध्यक्ष

श्री लयन बुढा मगर -११ नं का बा वडा अध्यक्ष

श्री दिलमान पुन -१२ नं वडा अध्यक्ष

श्री शिविसन श्रीपाली -१३ नं वडा अध्यक्ष

श्री द्रवेश बुढा मगर -१४ नं वडा अध्यक्ष

श्री ग्वारी बुढा मगर -कार्यपालिका सदस्य

श्री जोर कुमारी बुढा -कार्यपालिका सदस्य

श्री भारसी बुढा -कार्यपालिका सदस्य

श्री मल्लि पुन - कार्यपालिका सदस्य

श्री राज कुमार सुनार - कार्यपालिका सदस्य

श्री जानु छन्तेल - कार्यपालिका सदस्य

श्री नवराज खड्का, सदस्य - सचिव

निर्णयहरु

१. नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा स्थापित गर्न विभिन्न समयमा भएका जनआन्दोलनहरु र सशस्त्र जनयुद्धमा आफ्नो अमुल्य योगदान गर्नुभएका यस गाउँपालिकाभित्रका सहिद तथा वेपत्ताका परिवार र घाईते एवम् ज्येष्ठ नागरिक, अति अशक्त अपांग, गर्भवती, सुत्केरी र हिंसा पीडित महिलाहरुलाई आवश्यक परेको समयमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने साथै यस गाउँपालिकाभित्रका नियमितरुपमा औषधि सेवन गर्नुपर्ने सबै उमेर समूहका दीर्घ रोगीहरुलाई गाउँपालिकाबाट निःशुल्क औषधि उपलब्ध गराउने।

२. गाउँपालिकाबाट सार्वजनिक सेवा प्रवाह गर्न हाल आफ्नै प्रशासनिक भवन नभएकोले सो निर्माणको कार्यलाई यथाशिघ्र अगाडि बढाउने साथै आधारभुत स्वास्थ्य केन्द्र भवन र प्रशासनिक भवन नभएका वडाहरुमा वडा कार्यालय भवन र आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको कार्य तुरुन्त प्रारम्भ गर्ने ।

३. गत वैशाख ३० मा सम्पन्न भएको स्थानीय तहको निर्वाचन संचालन गर्न निर्वाचन आयोगबाट खटिई आउनुभएका निर्वाचन अधिकृतको कार्यालय, पुथा उत्तरगंगा गाउँपालिकाका निर्वाचन अधिकृत एवम् सम्पुर्ण कर्मचारीहरुलाई शान्त र मर्यादित ढङ्गबाट निर्वाचन सम्पन्न गराउनुभएकोमा धन्यवाद ज्ञापन गर्ने ।

४. यस गाउँपालिका अन्तर्गत विभिन्न संघीय, प्रदेश तथा स्थानीय ऐन बमोजिम गठन गर्नुपर्ने विभिन्न समितिहरु गठन एवम् अन्य निर्णयहरु गर्न आगामी २०७९ ज्येष्ठ १५ गते आईतबारका दिन बिहान १० बजे गाउँकार्यपालिकाको दोस्रो बैठक बस्ने ।

निर्णय प्रमाणित

079/02/11

नि.प्रमुख प्रशासकिय अधिकृत